# काभ्रेपलान्चोक जिल्ला अदालत

(प्रशासन शाखा)

धुलिखेल, काभ्रेपलान्चोक

पत्र संख्याः २०७७/०७८

च.नं. १८

मितिः २०७७।०४।११

**मेलमिलापकर्ताको रुपमा सूचीकृत हुने तथा सूची अध्यावधिक गर्ने सम्बन्धमा सूचना!!!**

मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ९ र जिल्ला अदालत नियमावली, २०७५ को नियम ५० बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन निवेदन माग गर्नुपर्ने र सूचीकृत रहेका मेलमिलापकर्ताहरुको सूची अध्यावधिक गर्नुपर्ने व्यवस्था रहेको हुँदा यस अदालतमा सूचीकृत रहेका मेलमिलापकर्ताहरुको सूची अध्यावधिक गर्न र मेलमिलाकर्ताको रुपमा नयाँ सूचीकृत हुन चाहने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएका मितिले ३०(तीस) दिन भित्र चालु आ.व. २०७७/०७८का लागि मेलमिलापकर्ताको सूची अध्यावधिक गर्न निम्न कागजातहरु सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

- मेलमिलाप परिषद्बाट जारी भएको मेलमिलाकर्ताको प्रमाणपत्रको प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि
- मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो २ प्रति

नोटः निवेदन फारम यस अदालतको मेलमिलाप शाखाबाट प्राप्त गर्न सकिनेछ।